# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान भुटानको थिम्पुमा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग राष्ट्रहरूको सचिवस्तरीय तथा मन्त्रीस्तरीय बैठकमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका शिष्टाचार महा-पाल श्री विश्वेश्वरप्रसाद रिमाललाई मिति २०४२।१।२६ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

उद्योग मन्त्रालयका सचिव श्री ईश्वरीलाल श्रेष्ठ एशियाली उत्पादकत्व संगठन (ए.पी.ओ.)को गभर्निङ्ग बडीको बैठकमा भाग लिन जापानतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रविदेव शर्मालाई मिति २०४२।१।३० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

सगरमाथा अञ्चल, सप्तरी जिल्लाबाट राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित माननीय सदस्य श्री इन्द्रदेवप्रसाद यादवको मिति २०४२।१।२२ का दिन देहावसान भएकोले राष्ट्रिय पञ्चायतको सदस्यको स्थान एक रिक्त भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,

स्यामकृष्ण भटराई

राष्ट्रिय पञ्चायतको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९६७

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

जिल्ला कार्यालय, डोटीका प्र.जि.अ. श्री कौशलदेव जोशी घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि.,२०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री गोविन्द खनाललाई मिति २०४२।१।७ देखि का.मु. मुकरर गरिएको छ ।

### सूचना २

जिल्ला कार्यालय, अछामका प्र.जि.अ. श्री किसनसिंह थापा घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ.पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री डिल्लीराज जोशीलाई मिति २०४२।१।९ देखि का.मु. मुकरर गरिएको छ ।

### सूचना ३

जिल्ला कार्यालय, धादिङका प्र.जि.अ. श्री डमरूबल्लभ भट्टराई २ हप्ताको लागि अध्ययन भ्रमणमा श्रीलंका जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री हरिश्चन्द्र पोखरेललाई मिति २०४२।१।१५ देखि का.मु. मुकरर गरिएको छ ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८